# राप्ती सोनारी राजपत्र

## राप्ती सोनारी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ७ संख्या ९ मिति २०८०/०४/२७

## भाग २

राप्ती सोनारी गाउँपालिकाले बनाएको तल लेखिएको बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ।

**राप्ती सोनारी बिपन्न नागरिक स्वास्थ्य-बीमा कार्यक्रम कार्यविधि,२०८०**

**राप्ती सोनारी गाउँपालिका**

**प्रमाणीकरण मिति २०८०/०४/२७**

## राप्ती सोनारी बिपन्न नागरिक स्वास्थ्य-बीमा कार्यक्रम कार्यविधि,२०८०

**प्रस्तावना :**

सामाजिक सुरक्षाको हक अन्तर्गत संवैधानिक व्यवस्था गरिएको नि:शुल्क आधारभूत स्वास्थ्य सेवालाई राष्ट्रिय स्वास्थ्य बीमा नीति अन्तर्गत स्थानीय नागरिकको स्वास्थ्य सेवाको पहुँच र उपयोगमा सुधार गरी स्वास्थ्य बीमाबाट सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित गर्ने नीतिको स्थानीय स्तरमा कार्यान्वयन एवं नेपालको संविधान २०७२ बमोजिम नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक प्राप्तीको प्रत्याभूति गर्न वान्छनीय भएकोले, राप्ती सोनारी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा ४ को कानुन बनाउने राप्ती सोनारी गाउँपालिकाको अधिकार प्रयोग गरी यो कार्यविधि जारी गरिएको छ।

### परिच्छेद-१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस कार्यविधिको नाम **"राप्ती सोनारी बिपन्न नागरिक स्वास्थ्य -बीमा कार्यक्रम कार्यविधि,२०७९"** रहेको छ ।

(२) यो कार्यविधि राप्ती सोनारी गाँउपालिकाको राजपत्रमा प्रकाशन भएको मिति देखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **स्वास्थ्य बीमा** भन्नाले स्वास्थ्य बीमा ऐन बमोजिमको नेपाल सरकारको स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत स्वास्थ्य सेवा प्राप्तीका लागि व्यक्ति एवं परिवारले गर्ने बीमा सम्भनु पर्छ ।

(ख) **सहुलियत** भन्नाले नेपाल सरकारको स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत स्वास्थ्य बीमामा सहभागी हुँदा विमितले बुझाउने योगदान रकम (प्रिमियम) मा राप्ती सोनारी गाँउपालिकाले दायित्व वहनगर्ने रकमलाई सम्झनु पर्छ।

(ग) **अति विपन्न तथा बिपन्न** भन्नाले आर्थिक तथा सामाजिक गरिवीको आधारमा राप्ती सोनारी गाँउपालिकाले वर्गीकरण गरी सूचीकृत गरेको आर्थिक एवं सामाजिक गरीबीको समस्या ग्रस्त परिवारलाई सम्भझनु पर्छ ।

(घ) **बिपन्न नागरिक** स्वास्थ्य बीमा कार्यक्रम भन्नाले राप्ती सोनारी नगरपालिकाको मिति २०७९।०३।२४ गतेको वर्षे सभाबाट जनतासंग राप्ती सोनारी गाँउपालिका कार्यक्रम अन्तर्गत स्वीकृत विपन्न नागरिक स्वास्थ्य बीमा कार्यक्रम सम्झनुपर्छ।

(ङ) **योगदान रकम** (प्रिमियम) भन्नाले नेपाल सरकारको स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत स्वास्थ्य बीमामा सहभागी हुँदा विमितको तर्फबाट बुझाउने सवै रकम सम्झनु पर्छ ।

(च) **सेवा** भन्नाले स्वास्थ्य बीमा ऐन, २०७४ को दफा ५ बमोजिम प्राप्त हुने सम्पुर्ण स्वास्थ्य सेवालाई सम्झनु पर्छ ।

(छ) **बीमित** भन्नाले स्वास्थ्य बीमा कार्यक्रममा सहभागी भई योगदान रकम (प्रिमियम) भुक्तानी गरेको परिवारलाई सम्झनु पर्छ ,

(ज) **बोर्ड** भन्नाले स्वास्थ्य बीमा बोर्डलाई सम्झनु पर्छ ।

(झ) **गाँउपालिका** भन्नाले राप्ती सोनारी   गाँउपालिकालाई सम्झनु पर्छ ।

(ञ) **कार्यपालिका** भन्नाले राप्ती सोनारी   गाँउ कार्यपालिकालाई सम्भनु पर्छ ।

(ट) **कार्यालय** भन्नाले राप्ती सोनारी   गाँउपालिका कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्छ।

(ठ) **मन्त्रालय** भन्नाले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई सम्झनुपर्छ ।

(ड) **नागरिक** भन्नाले राप्ती सोनारी   गाँउपालिकामा स्थायी रुपमा बसोबास गर्ने नागरिकलाई सम्झनु पर्छ ।

(ढ) **दर्ता सहयोगी** भन्नाले स्वास्थ्य बीमा नियमावली, २०७५ कोनियम १२ बमोजिम नियूक्त व्यक्ति सम्झनु पर्छ ।

## परिच्छेद-२

## कार्यक्रममा आवद्धता सम्बन्धी व्यवस्था

**३. आवद्धता:** नेपाल सरकारको स्वास्थ्य सेवा नियमावली, २०७५ को नियम २ बमोजिम देहाय अनुसारको आवद्धता हुनेछ ।

(१) कार्यक्रममा सहभागिताको लागि ५(पाँच) जनासम्म सदस्य रहेको परिवारलाई एक एकाइ मानिनेछ ।

(२) कुनै परिवारमा पाँच जना भन्दा बढी सदस्य भएमा बढी भए जति सदस्यको हकमा प्रति व्यक्ति स्वास्थ्य सेवा नियमावली, २०७५ कोअनुसूची-१ बमोजिमको योगदान रकम भुक्तानी गर्ने गरी आवद्ध हुन सकिनेछ ।

(३) कार्यक्रममा आवद्धता सम्बन्धी अन्य व्यवस्था स्वास्थ्य सेवा नियमावली, २०७५ बमोजिम हुनेछ ।

**४. आवद्ध हुने माध्यम:**

(१) स्वास्थ्य सेवा नियमावली, २०७५ को नियम ५ बमोजिमका देहायका आवद्ध हुने माध्यम हुनेछ ।

(क) दर्ता सहयोगी मार्फत,

(ख) बीमा व्यवस्थापन सूचना प्रणाली मार्फत विद्युतीय दर्ताप्रणालीबाट,

(२) स्वास्थ्य बीमा कार्यक्रममा आवद्धताका लागि नेपाल सरकार वा अन्तर्गतका निकायबाट जारी गरिएको परिचय खुल्ने कुनै पनि लिखतलाई आधार मान्न सकिनेछ ।

**५. स्वास्थ्य बीमा कार्यक्रमा आवद्ध हन चाहिने आधारहरु:** स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध हुन देहाय बमोजिमको आधारहरु पुगेको हुनु पर्नेछ :

(क) नेपाली नागरिक हुनु पर्नेछ ।

(ख) राप्ती सोनारी   गाँउपालिका भित्र स्थायी बसोबास गरेको हुनु पर्नेछ ।

(ग) वडा कार्यालयको सिफारिस अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

(घ) दफा ५क) र (ख) का अतिरिक्त अनिवार्य रुपमा “आर्थिक रुपले अति विपन्न तथा विपन्न” परिवारको हुनु पर्नेछ ।

(ङ) आर्थिक रुपले विपन्न भन्नाले वार्षिक: रु.४०,०००।- (चालिस हजार) रुपैंया भन्दा कम आम्दानी हुने परिवारलाई जनाउनेछ ।

**६. स्वास्थ्य बीमा लाभग्राही छनौट प्रक्रिया**

स्वास्थ्य बीमा लाभग्राही छनौटका लागि निम्नानुसारका प्रक्रियाहरु पुरा गर्नु पर्नेछ :

- आवेदन दिनको लागि सूचना प्रसारण : बीमा सहयोग कार्यक्रमका बारेमा सम्बन्धित सेवाग्राहीबाट आवेदन माग गर्न राप्ती सोनारी गाँउपालिका, गाँउ कार्यपालिकाको कार्यालयबाट आवेदन संकलन शुरु हुने मिति भन्दा कम्तीमा १५ दिन अगावै सार्वजनिक संचार माध्यमबाट आवेदन दिन सकिने विषय सहितको सूचना प्रशारण गर्नु पर्दछ।
- बीमा गर्न चाहने इच्छुक व्यक्तिले सम्बन्धित वडा कार्यालय वा वडा स्तरीय जन प्रतिनिधि मार्फत बीमा सम्बन्धी बिस्तृत सूचना लिन सक्नेछ।
- आधार पुगेको इच्छुक व्यक्तिले बीमाको लागि अनुसूची-१ बमोजिमको आवेदन रितपुर्वक भरी आफूनो स्थायी ठेगाना खुलेको वडा कार्यालयमा गई बुझाउनु पर्नेछ।
- अनुसूची-१ बमोजिमको आवेदन फाराम वडा कार्यालयबाट नि:शुल्क उपलब्ध हुनेछ।
- आवेदनका साथ दफा ५(क), (ख) र (ग) लाई पुष्ट्याई हुने कागजातहरु र आवेदकको एक प्रति पासपोर्ट साइजको फोटो अनिवार्य रुपमा पेश गर्नु पर्दछ।
- आवेदकले आवेदनासथ सार्वजनिक रुपमा मद्यपान, धुम्रपान तथा लागु औषध जस्ता सेवा कार्य नगर्ने प्रतिबद्धता पत्र जनाउनु पर्नेछ।

## परिच्छेद-३

## योगदान रकम र सहुलियत सम्बन्धी व्यवस्था

**७.योगदान रकम:**

(१) कार्यक्रममा आवद्ध हुँदा लाग्ने योगदान रकम स्वास्थ्य सेवा नियमावली, २०७५ को अनुसूची १ बमोजिम हुनेछ।
(२) योगदान रकम सम्वन्धी अन्य व्यवस्था स्वास्थ्य सेवा नियमावली,२०७५ को नियम ११ को उपनियम(२),(३), (४),र (५) बमोजिम हुनेछ।

**८. व्यहोर्ने योगदान रकम:**

(१) कार्यक्रममा आवद्धताको लागि स्वास्थ्य सेवा नियमावली, २०७५ कोनियम १६ को उपनियम (१) अधिनमा रही नेपाल सरकार, कर्णाली प्रदेश सरकार वा राप्ती सोनारी गाँउपालिकाले व्यहोर्ने योगदान रकमदेहाय बमोजिम हुनेछ।

(क) प्रच्चलित कानून बमोजिम अति गरीषको परिचय पत्र प्राप्तपरिवारको योगदान रकमको शतप्रतिशत नेपाल सरकारले (संघीय सरकारको कार्यक्रम तथा जेट प्राप्त भएपछि मात्र)

(ख) अति अशक्त अपाङ्गता (रातोकार्ड),कुष्टरोगी, एच.आइ.भी.संक्रमित, जटिल खालको क्षयरोगी (एम. डी. आर. टि. बी.) बिरामी भएका परिवारको योगदान रकमको शतप्रतिशत नेपाल सरकार वा प्रदेश सरकारले,

(ग) सत्तरी वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकको योगदान रकमको शतप्रतिशत नेपाल सरकारले,

(घ) महिला स्वास्थ्य स्वयं सेविका संलग्न भएको परिवारको योगदान रकमको ५० (पचास) प्रतिशत नेपाल सरकारले,

(ङ) राप्ती सोनारी   गाँउपालिकामा सूचीकृत गरिएको /सम्बन्धित वडाको सिफारिसको आधारमा विपन्न तथा अति विपन्न परिवारको पहिलो वर्ष शतप्रतिशत राप्ती सोनारी   गाँउपालिकाले,

**९. रकम उपलब्ध गराउने :**

(१) दफा १४ बमोजिम प्राप्त आवेदनहरू गाँउपालिका स्तरीय स्वास्थ्य बीमा संयोजन समितिले जाँचबुझ गरी सूचना प्रकाशन गर्नेछ।
(२) बिपन्नताको श्रेणीका आधारमा देहाय बमोजिम योगदान रकम प्रिमियम)मा सहुलियत वापतको रकम उपलव्ध हुनेछ ।

(क) अति विपन्न नागरिकलाई दोस्रो, तेस्रो, चौथो र पाँचौ वर्षमा क्रमश: प्रति एकाइ प्रिमियममा क्रमशः ८५, ७०, ५०,र २५ प्रतिशत को दरले,

(ख) विपन्न नागरिकलाई दोस्रो, तेस्रो, चौथो र पाँचौ वर्षमा क्रमश: प्रति एकाइ प्रिमियममा क्रमशः ८०, ६०, ४०,र २० प्रतिशत को दरले,

**१०. सहुलियत प्राप्तीको अवधी :** राप्ती सोनारी   गाँउपालिकाको स्वीकृत वार्षिक कार्यक्रममा श्रोत व्यवस्थापन भएसम्म ।

## परिच्छेद-४

## समिति, अनुगमन,मूल्याङ्गन सम्बन्धी व्यवस्था

**११. वडा स्तरीय स्वास्थ्य बीमा संयोजन समितिको गठन :**

वडा स्तरीय स्वास्थ्य बीमा संयोजन समितिको गठन देहाय अनुसार हुनेछ ।

| | |
|---|---|
| सम्बन्धित वडाको वडा अध्यक्ष | संयोजक |
| सम्बन्धित वडाको वडा सदस्यहरु | सदस्य |
| वडा सचिव | सदस्य सचिव |

तर, बीमा लाभग्राहीको सिफारिस प्रयोजनका लागि समितिले थप परामर्शको आवश्यकता महसुस गरेमा सम्बन्धित कुनै व्यक्ति वा विज्ञलाई आमन्त्रित सदस्यको रुपमा राख्न सक्नेछ ।

**१२. वडा स्तरीय बीमा संयोजन समितिको काम, कतब्य तथा अधिकार:**

- वडा भित्र संकलन भएका वीमा आवेदनहरु रितपुर्वक भए नभएको जाँच गर्ने,
- दफा ५ बमोजिमका आधार नपुगेका अयोग्य आवेदनहरु सम्बन्धित आवेदकलाई कारण सहित फिर्ता गर्ने,
- योग्यता पुगेका आवेदनहरुलाई दर्ता गरिएको मितिको आधारमा क्रम मिलाएर आर्थिक रुपले अति बिपन्न र विपन्न परिवारको छुट्टाछुट्टै अभिलेख राख्ने,
- बीमा गर्न इच्छुक आवेदकहरुको अन्तिम छनौटका लागि गाँउपालिकास्तरीय स्वास्थ्य बीमा छनौट तथा सिफारिस समितिमा ७ (सात) दिनको समय भित्रै पठाउने,
- गाँउ कार्यपालिकाबाट छनौट भई आएको आफ्नो वडा भित्रका बीमा लाभग्राहीको नामावली प्रकाशन गर्ने र सम्बन्धित आवेदकलाई सम्झौता गर्न सूचित गर्ने,

- दर्ता सहयोगी कर्मचारी मार्फत बीमा प्रक्रिया प्रारम्भ गर्न आवश्यक प्रबन्ध मिलाउने,

**१३. गाँउपालिका स्तरीय स्वास्थ्य बीमा संयोजन समितिको गठन:** गाँउपालिका स्तरीय स्वास्थ्य बीमा संयोजन समितिको गठन देहाय अनुसार हुनेछ ।

| | |
|---|---|
| सामाजिक विकास समितिका संयोजक | संयोजक |
| कार्यपालिका सदस्यहरु मध्येबाट गाँउपालिका अध्यक्षले तोकेको १ जना महिला सहित २ जना सदस्य | सदस्य |
| सामाजिक विकास शाखा प्रमुख | सदस्य |
| आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| स्वास्थ्य शाखा प्रमुख | सदस्य-सचिव |

तर, बीमा लाभग्राहीको छनौट तथा सिफारिस प्रयोजनका लागि समितिले थप सहयोगको आवश्यकताको महसुस गरमा सम्बन्धित कुनै व्यक्ति वा विज्ञलाई आमन्त्रित सदस्यको रुपमा राख्न सकिनेछ ।

**१४. गाँउपालिका स्तरीय स्वास्थ्य बीमा संयोजन समितिको काम, कर्तव्य तथा अधिकार :**

नेपाल सरकार स्वास्थ्य सेवा नियमावली,२०७५ को नियम २६ लाई आधारमानी गाँउपालिका स्तरीय स्वास्थ्य बीमा संयोजन समितिको काम, कर्तव्य तथा अधिकारहरु देहाय बमोजिम हुनेछ :

- स्वास्थ्य बीमा सम्बन्धी पालिकास्तरीय कार्यक्रमको स्रोत व्यवस्थापन, योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वयनमा कार्यपालिकालाई सहयोग गर्ने,
- स्वास्थ्य बीमा सम्वन्धी गुनासो व्यवस्थापन,
- स्वास्थ्य बीमा बोर्डसंग समन्वय एवं निर्देशनको कार्यान्वयन,
- वडाबाट बर्गीकरण गरी सिफारिस सहित आएका आवेदनहरुको पुन: परीक्षण गर्ने,
- प्रक्रिया बिपरीत आएका आवेदनलाई सूचीबाट हटाउने,
- मागको चाप अत्यधिक बढेर बिनियोजित बजेटबाट अधिकांश लाअग्राहीलाई समेट्न नसक्ने परिस्थिति सिर्जना भएमा समितिले बर्गीकरणका आधारहरु तय गरेर अन्तिम सूची तयार गर्ने,
- बीमा लाभग्राहीहरुको अन्तिम बर्गीकरण गर्ने साथै प्राथमिकता क्रमानुसार नामावली तयारी गर्ने,
- स्वास्थ्य बीमा लाभग्राहीहरुको अन्तिम नाम नामेसी तयार गरी अनुमोदनका लागि गाँउ कार्यपालिकामा सिफारिस गर्ने,
- कार्यक्रमको नियमित अनुगमन, मुल्याङ्कन, समीक्षा, पृष्ठपोषण,सुधार एवं विस्तार।

## परिच्छेव-५
## सम्झौता,बाधा अडकाउ फुकाउ सम्बन्धी व्यवस्था तथा विविध

**१५. सम्झौता :** गाँउ कार्यपालिका र छनौट भएका बीमा लाभग्राहीहरु बीच सम्झौता गर्नु पर्नेछ । सम्झौता पत्र अनुसूची-२ बमोजिम हुनेछ ।

**१६. बाधा अडकाउ फुकाउ:** यस कार्यविधिको कार्यान्वयन गर्दा कुनै वाधा अड्काउ परेमा राप्ती सोनारी गाउँपालिका गाउँकार्यपालिकाले त्यस्तो वाधा अड्काउ फुकाउनेछ ।

**१७. विविध :**

(क) यो कार्यविधि लागु गर्नु अगावै योग्यता पुगको कुनै व्यक्ति वा परिवारले स्वास्थ्य बीमा गरिसकेको रहेछ भने निजको हकमा बीमा रकम सोधभर्ना गर्न वा पुन: दोहोरो बीमा हुनेछैन।
(ख) छनौट भएका स्वास्थ्य बीमा लाभग्राहीको परिवारमा ५ (पाँच) जना सदस्यको मात्र बीमा गरिनेछ।
(ग) यो स्वास्थ्य बीमा सहयोग कार्यक्रमका बारेमा कुनै सम्भावित लाभग्राहीको नाम छुट हुन गएको, दोहोरो परेको वा कुनै कारणले नाम समावेश हुन नसकेको सम्बन्धमा गुनासो सुन्ने निकाय वा अधिकारी सम्बन्धित वडा कार्यालय वा वडा अध्यक्ष हुनेछ।

(घ) यो कार्यविधिलाई संशोधन वा थपघट गर्ने अधिकार राप्ती सोनारी गाँउ कार्यपालिकामा निहित हुनेछ।
(ङ) बीमा सम्झौता पश्चात बीमा दर्ता सहयोगीबाट हुने बीमा दर्ता वापतको शुल्क दर्ता सहयोगीले दर्ता गरेको पुष्टी हुने आधार सहित सम्बन्धित वडा कार्यालय मार्फत गाँउपालिका समक्ष पेश गरी भुक्तानी प्राप्त गर्न सक्नेछन्।
(च) यस कार्यविधिमा उल्लेख नभएका विषयमा प्रचलित कानून बमोजिम हुनेछ।

## अनुसूची (१)

### (दफा ६ सँग सम्बन्धित निवेदनको ढाँचा)

श्रीमान अध्यक्ष ज्यू,
राप्ती सोनारी   गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय,राकम,सुर्खेत

विषय: स्वास्थ्य बीमा योगदान रकम सहुलियतको लागि आवेदन।

राप्ती सोनारी   गाँउ कार्यपालिकाको कार्यालयले सञ्चालन गर्न लागेको स्वास्थ्य बीमा कार्यक्रम मार्फत बीमा लाभग्राही हुनका लागि आफुलाई योग्य ठानी यो आवेदन पेश गरेको छु। आवश्यक पर्ने कागजात प्रमाणहरु यसैसाथ सलंग्न छन्, विवरण सहि सत्य छन् भुट्टा ठहरे कानुन बमोजिम सहुँला बुझाउँला।

**आवेदकः**
नाम थर :
दस्तखत :
स्थायी ठेगाना :
टोल :
सम्पर्क नं. :
बीमा सेवाग्राही सदस्यहरुको नामावली (बढीमा ५ जना)

| सि.नं. | बीमा सेवाग्राहीहरुको पुरा नाम थर | उमेर | आवेदकसँगको नाता |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

संलग्न कागजातहरुः

(क) नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी र नाबालकको हकमा जन्मदर्ता।
(ख) राप्ती सोनारी   गाँउपालिका भित्र स्थायी बसोबास गरेको प्रमाण।
(ग) वडा कार्यालयको सिफारिस।
(घ) “आर्थिक रुपले अति विपन्न तथा विपन्न” परिवारको भन्ने सिफारिस।

**अनुसूची –(२)**
**(कार्यविधिको दफा १५ सँग सम्बन्धित)**
**राप्ती सोनारी गाँउपालिका र स्वास्थ्य बीमा लाभग्राही बीचको सम्झौता पत्र**

राप्ती सोनारी गाँउपालिका गाँउ कार्यपालिकाको कार्यालय, राकम, सुर्खेत (यस पछि पहिलो पक्ष भनिने छ) र राप्ती सोनारी गाँउपालिका वडा नं. .... बस्ने श्री ..... ..... ...... नाती/नातीनी/बुहारी श्री. ..... .... ..... को छोरा/छोरी/श्रीमती वर्ष को श्री . _..... (यस पछि दोश्रो पक्ष भनिने छ) का बीच देहायका शर्तको अधिनमा रही सम्झौता गर्न मञ्जुर भएकोले सही छाप गरी यो कागज गरी लियौं दियौं ।

शर्तहरु :

१. स्वास्थ्य बीमा कार्यक्रम भन्नाले नेपाल सरकारले सञ्चालनमा ल्याएको बीमा कार्यक्रम मात्र बुझनु पर्नेछ ।

२. दोश्रो पक्षले अन्य निजी बीमा कम्पनीसँग स्वास्थ्य बीमाका लागि गरेको सम्झौताको बीमा रकम भुक्तानीका लागि पहिलो पक्ष बाध्य हुनेछैन ।

३. कार्यविधिको दफा १४ बमोजिम प्रकाशित नामावलीमा समावेश भएको परिवारसँग मात्र सम्झौता बारिएको छ।

४. अनुसूची-१ मा उल्लिखित सदस्यहरुको हकमा मात्र यो सम्झौता उत्तरदायी रहनेछ ।

५. सम्झौता स्वीकृत भए पछि पहिलो पक्षले दोश्रो पक्षको नाममा स्वास्थ्य बीमाको लागि तोकिएको अवधीको लागि मात्र बीमा रकम (प्रिमियम) भुक्तान गर्नेछ ।

६.शर्त नं. ५ मा उल्लिखित बीमा रकममा कुनै छुटको व्यवस्था भए सो रकमको दावी दोश्रो पक्षले गर्न पाउने छैन ।

७. दोश्रो पक्षले यो सम्झौताको अवधी समाप्त भए पश्चात् पहिलो पक्षबाट सहयोग प्राप्त भए पनि वा नभए पनि बीमालाई निरन्तरता दिई रहनु पर्नेछ ।

८. दर्ता सहयोगी मार्फत स्वास्थ्य बीमा कार्यक्रमका बारेमा दिइएका सबै निर्देशनहरुको पालना गर्नु दोश्रो पक्षको कर्तव्य हुनेछ ।

९. पहिलो पक्ष वा पहिलो पक्ष मार्फत आउने व्यक्ति वा संस्थाले दोश्रो पक्षले उपभोग गरिरहेको बीमाको बारेमा सोधपुछ वा प्रतिक्रिया लिन आउँदा दोश्रो पक्षले त्यस्तो कार्यमा अनिवार्य रुपमा सहयोग पुर्याउनु पर्नेछ ।

१०. नेपाल सरकारद्वारा संचालित स्वास्थ्य बीमाको महत्वको बारेमा दोश्रो पक्षले आफना आफन्त र छरछिमेकलाई पनि जानकारी दिनु पर्नेछ ।

११. आवश्यकता अनुसार सम्झौताका शर्तहरु आपसी सहमतीमा थपघट हुन सक्नेछन् ।

१२. यो सम्झौता चालु आर्थिक वर्षको लागि मात्र मान्य हुनेछ ।

| **पहिल्लो पक्षको तर्फबाट** | **दोश्रो पक्षको तर्फबाट** |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नाम थर: | नाम थर : |
| पद : | मिति : |
| वडा न. : | |
| मिति : | |

आज्ञाले,
ओम प्रकाश देवकोटा
प्रमुख प्रशासकीय अधिकृत